कोशी प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय
# विराटनगर, नेपाल

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर, नेपाल

## स्वास्थ्य परिक्षण सेवा (परामर्श सेवा) लिने सम्बन्धी १५ दिने सूचना

(सूचना प्रकाशन मितिः २०८३/०६/१४ गते)

१. सम्पर्क व्यक्ति तथा ठेगाना, सम्पर्क नम्बर, सेवा प्रवाह गर्ने स्थान, कार्यालयको विवरण सहितको सूचिकृत गरिदिन अनुरोध गरिएको पत्र।

२. संस्था दर्ता वा एकल फर्म वा व्यवसाय दर्ता, नविकरण तथा कर चुक्ता प्रमाणपत्र।

३. व्यवसायिक प्यान वा भ्याट वा कम्पनीको प्यान वा भ्याट दर्ताको प्रमाणपत्र।

४. कम्तीमा MBBS वा सो सरहको योग्यता प्राप्त गरी नेपाल मेडिकल काउन्सिल (NMC) मा अनिवार्य दर्ता भएको कम्तीमा तोकिएको संख्याका चिकित्सकहरुको योग्यता खुल्ने कागजात, नेपाल मेडिकल काउन्सिलको प्रमाणपत्र र निजसँग संस्थाले गरेको सम्झौता।

५. प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरी नेपाल मेडिकल काउन्सिलमा अनिवार्य दर्ता भएको नर्सिङ्ग वा स्वास्थ्य सहायक ल्याव टेक्निसियन मध्ये कम्तिमा एक जना स्वास्थ्य जाँचमा सहयोग पुर्याउने जनशक्तिको योग्यता खुल्ने काजगात र मेडिकल काउन्सिलको प्रमाणपत्र।

६. उल्लेखित चिकित्सकहरु नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरेको तथा कुनैपनि सरकारी सेवामा वा कुनै स्वास्थ्य संस्थामा आवासिय चिकित्सकको रुपमा वा पुरा समय काम गर्ने गरी आवद्धता नभएको स्व घोषणा पत्र।

७. स्वास्थ्य परीक्षणको क्रममा गरिने रगत जाचँ लगायतका अन्य परिक्षणको लागि आवश्यक सेवाहरु सकेसम्म आफ्नै प्रयोगशाला दिनुपर्ने सो नभएमा सो सेवा उपलब्ध गराउन अन्य प्रयोगशालासँग गरिएको करारनामा वा सम्झौताको प्रतिलिपि।

८. सेवा प्रवाहका लागी प्रस्ताव आह्वन गरिएका कार्यालयहरु र छनोट गरिने चिकित्सक संख्या यातायात व्यवस्था कार्यालय, विराटनगर, मोरङ्ग/इटहरी, सुनसरी/विर्तामोड, झापा प्रत्येकका लागि कम्तिमा ३/३ जना यातायात व्यवस्था कार्यालय, धनकुटा/इलाम/गाईगाट, उदयपुर/ओखलढुङ्गा प्रत्येकका लागि कम्तिमा २/२ जना।

९. सेवा प्रदायकले निवेदन साथ प्रत्येक दिन उपलब्ध हुने चिकित्सकहरुको सेवाको समय तालिका (एक हप्ताको) संलग्न गर्नुपर्नेछ। सो अनुसार सेवा प्रवाह हुन नसकी कार्यालय/मन्त्रालयको तर्फबाट सेवा उपलब्ध गराउनु परेमा सोको क्षतिपूर्ती सेवा प्रदायकबाट असुल उपर गरिनेछ।

१०. सेवा प्रदायकले सेवा प्रवाहको सुनिश्चितताको लागि प्रति कार्यालय रु एक लाख रुपैया नगद मन्त्रालयले तोकेको धरौटी खातामा जम्मा गर्नुपर्नेछ। धरौटी KHA-२-३: DHARAUTI A/C (PRA.LE.NI.KA २१२०१००२०२०३००००) सेवाको बैकल्पिक व्यवस्था गर्दा लागेको खर्च सोही धरौटी रकमबाट असुल गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय
कोशी प्रदेश सरकार
विराटनगर, नेपाल

११. कुनै चिकित्सकले कुनैपनि कारणले सेवामा निरन्तरता दिन नसक्ने भएमा उल्लेखित योग्यता भएका नयाँ चिकित्सकलाई परिवर्तन गर्नको लागी सेवा प्रदायकले मन्त्रालयमा निवेदन पेश गरेमा मन्त्रालयले सेवामा निरन्तरता दिन नसक्ने चिकित्सकलाई रोष्टरबाट हटाई नयां चिकित्सकलाई परिवर्तन गर्न सक्नेछ।

१२. सेवा प्रदायकले स्वास्थ्य परीक्षण गरे बापत लिने पाउने स्वास्थ्य परीक्षण शुल्क नियमानुसार तोके बमोजिम हुनेछ।

१३. सेवा प्रदायकले सेवा प्रवाहको अनिवार्य रुपमा बिल बिजक जारी गर्नुपर्नेछ।

१४. एउटा सेवा प्रदायकले कम्तिमा एक कार्यालयका लागि आवेदन पेश गर्न सक्नेछन।

१५. प्रदेश सरकार तथा सम्बन्धित कार्यालयको खर्च आवश्यक नभएकोले लागत अनुमान आवश्यक नभएको।

१६. स्वास्थ्य परीक्षणका लागि स्वास्थ्य सेवा प्रदायकले प्रति व्यक्ति रू.१५०/- (एक सय पचास) लिन सक्ने छ।

१७. संस्थागत सेवा प्रदायक मार्फत सूचीकृत हुने चिकित्सकले आफूलाई प्राप्त User ID, Password तथा Online प्रणालीको पहुँच अन्य व्यक्तिलाई प्रयोग गर्न दिने पाइनेछैन। स्वास्थ्य परीक्षण गरी जारी गरिने निरोगिता प्रमाणपत्र तथा प्रतिवेदन प्रतिको सम्पूर्ण जिम्मेवारी सम्बन्धित जाँच गर्ने चिकित्सककै हुनेछ।

१८. यस बाहेक सेवाका अन्य शर्तहरु मन्त्रालयले तोके बमोजिम तथा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

१९. मूल्याङ्कन वा छनौटको आधार निम्न हुनेछः

१ स्वास्थ्य परिक्षण परामर्श सेवा उपलव्ध गराउने संस्थाको उद्धेश्य भएको हुनुपर्ने।

२ कम्तीमा तीन जना चिकत्सकसँग स्वास्थ्य परीक्षण गर्ने सम्झौता पेश भएको हुनुपर्ने।

३ साथै प्रत्येक कार्यालयको लागि कम्तिमा १ जना स्वास्थ्य सहायक एच ए / नर्स कार्यालयमा रहेर काम गर्ने सम्झौता पत्र पेश गर्नु पर्ने।

४ स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराउने स्थान सहितको संस्थाको आफ्नै कार्यालय भएको हुनु पर्ने।

५ सूचनामा उल्लेख भएको धरौटीको रकम नगदै जम्मा भएको भौचर पेश भएको हुनु पर्ने।